प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# प्रदेश कार्यालय, प्रदेश नं. २

## जनकपुरधाम, धनुषा

## डिप्लोमा तथा प्रमाण-पत्र तहको वर्गिकृत (निशूल्क) छात्रवृत्ति तर्फको नतिजा संशोधन सम्वन्धी अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२६

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७७/०५/२६ र २०७७/०६/१९ गते शैक्षिक शत्र २०७७/०७८ को लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित सूचना वमोजिम डिप्लोमा तथा प्रमाण-पत्र तहको वर्गिकृत (निशूल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समयभित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येवाट डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका २०७४ (तेश्रो संशोधन २०७७) तथा सूचनामा उल्लेख भए अनुसार बरियताक्रमको आधारमा मिति २०७७।०७।२३ गते प्रकाशित नतिजामा दलित कोटामा प्राबिधिक त्रुटी हुन गएकोले तपसीलका कार्यक्रमहरुको नतिजा संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरीन्छ । वर्गिकृत (निशूल्क) छात्रवृत्तिमा छनौट भएका मुख्य उम्मेदवारहरुले तोकिएको शिक्षण संस्थामा मिति २०७७/८/८ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको प्रमाण-पत्र, नागरिकता वा जन्मदर्ताको प्रमाण-पत्र, आफु वर्गिकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाण-पत्रहरु र Online छात्रवृत्ति छनौटको आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित सिफारिश गरीएको शिक्षण संस्थामा भर्ना भई सक्नु पर्ने छ। सम्वन्धित शिक्षण संस्थाहरुले संशोधित नतिजाको सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका वमोजिम मुख्य उम्मेदवारहरुको सक्कल प्रमाण-पत्र रुजु गरी भर्ना गर्नु गराउनु हुनुको साथै साबिकको नतिजा अनुसार संशोधित नतिजामा नपरी भर्ना भएका भए निज उम्मेदवारहरुको भर्ना रद्द गरी संशोधित नतिजा अनुसार भर्ना गर्नु हुन सूचित गरिन्छ। साथै तोकिएको मिति र समय भित्र भर्ना हून नआई रिक्त रहेको कोटा,भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं, वर्गिकृत छात्रवृत्तिको समुह समेत उल्लेख गरी ३ (तिन) दिन भित्र यस कार्यालयको ईमेल ठेगाना ctevt.province2@gmail.com र सो को वोद्यार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ।

तपसील

| सि.नं. | कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | Civil Engineering | |

निर्देशक
प्रदेश कार्यालय, प्रदेश नं. २
जनपकपुरधाम, धनुषा